नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(बजेट कार्यान्वयन शाखा)

फोन: ४३८५३६
४३८५४५
४३८५४६

अनामनगर
काठमाडौं,नेपाल


प.सं. :-२०६८/६९
च.नं. : ४०

मितिः२०६८।०५।०१

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

विषयः- घर जग्गा भाडा दररेटमा वृद्धि गर्ने कार्यविधि सम्बन्धमा ।

श्री सबै मन्त्रालय/आयोग/सचिवालय,

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ को उपनियम (१०) मा घर जग्गा भाडा दर रेटमा वृद्धि गर्नु परेमा अर्थ मन्त्रालयको स्वीकृती लिनु पर्ने व्यवस्था भएकोमा अर्थ मन्त्रालयको प.सं. २०६८/६९ अख्तियारी च.नं. १ मिति २०६८/४/०१ को खर्च गर्ने अख्तियारीमा घर जग्गा भाडाको दररेटमा वृद्धि गर्न पर्दा महालेखा नियन्त्रक कार्यालयको सहमति लिने व्यवस्था भए अनुरुप यस कार्यालयको मिति २०६८/४/३२ निर्णयानुसार स्वीकृत घर जग्गा भाडा दररेटमा वृद्धि गर्ने कार्यविधिमा यस कार्यालयको सहमति लिन निम्नानुसारको प्रक्रिया पुरा गर्नुपर्ने व्यवस्था भएकोले यी प्रक्रिया पुरा गरी घर भाडा वृद्धिको लागि सहमति माग गरी पत्र पठाउनु हुन अनुरोध छ ।

१) घर जग्गा भाडा लिएको वा घर जग्गा भाडा वृद्धि गरेको अवधि २ दुई वर्ष पुरा गरेको हुनु पर्ने,
२) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ (४) अनुसारको समितिको पूर्व निर्णयको प्रतिलिपि,
३) घर जग्गा धनीसंग घर जग्गा भाडामा लिने सम्बन्धमा भएको पूर्व संभौताको प्रतिलिपि,
४) संम्बन्धित मन्त्रालय/आयोग/सचिवालयबाट भाडा वृद्धि गर्ने सम्बन्धमा भएको सचिव स्तरिय निर्णयको प्रतिलिपि,
५) घर जग्गा भाडा वृद्धिको लागि विनियोजित वजेटमा वजेट व्यवस्था भएको सम्बन्धमा सम्बन्धित मन्त्रालय/आयोग/सचिवालयको पत्र,
६) २ वर्ष घर जग्गा भाडा वृद्धि नभएकोमा १० प्रतिशत सम्म मात्र भाडा वृद्धि गर्न सकिने ।

२०६८।०५।०१
..............................
(हरिबहादुर बोनिया)
उप-सचिव (लेखा)

वोधार्थः
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
७५ जिल्ला ।